# नेपाली कम्युनिष्ट पार्टी

# प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ को सामान्य समीक्षा

प्रिय कमरेडहरू,

यही २०८२ फागुन २१ मा सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ को परिणाम सार्वजनिक भएको छ। निर्वाचनको परिणाम आम रूपमा अनुमान गरिएको भन्दा फरक आएको छ। यो निर्वाचन कस्तो परिस्थितिमा भएको थियो र कसरी यस्तो परिणाम आयो भन्ने समीक्षा गरी पार्टीको आगामी कार्ययोजना निर्माण गर्नु आवश्यक छ।

## १. निर्वाचनको पृष्ठभूमि र घोषणा

फागुन २१ मा सम्पन्न निर्वाचन सामान्य आवधिक निर्वाचन थिएन। यो निर्वाचन तत्कालीन सरकाले सामाजिक सञ्जालमाथि लगाएको प्रतिबन्धका विरुद्ध जेन्जी पुस्ताका नवयुवाहरूले गरेको विरोध प्रदर्शनपश्चात् उत्पन्न असामान्य परिस्थितिमा घोषणा गरिएको असामान्य निर्वाचन हो। केपी शर्मा ओली नेतृत्वको सरकारले सामाजिक सञ्जालमाथि प्रतिबन्ध लगाएको थियो र जेन्जी पुस्ताका नवयुवाहरूले २०८२ भदौ २३ मा सामाजिक सञ्जालमाथिको फुकुवा, भ्रष्टाचार नियन्त्रण र सुशासनको माग राखेर विरोध प्रदर्शन गरेका थिए। सरकारले युक्त विरोध प्रदर्शनमथि चर्को दमन गरेको थियो भने त्यस विरोध प्रदर्शनलाई हाइज्याक गरी भदौ २४ मा ठूलो विध्वंश मच्चाएको थियो। देशका ऐतिहासिक धरोहरहरू — सिंहदरबार, संसद भवन, राष्ट्रपति भवन, सर्वोच्च अदालत, संघीय सरकारका मन्त्रालयहरू, प्रदेश सरकार तथा स्थानीय तहका कार्यालयहरू, अन्य विभिन्न सरकारी कार्यालयहरू, व्यवसायिक प्रतिष्ठानहरू, सञ्चार गृहहरू, संघीय लोकतान्त्रिक गणतन्त्र पक्षधर राजनीतिक दलका कार्यालयहरू, पार्टी नेता तथा कार्यकर्तालगायत विभिन्न व्यक्तिका नीजि घरहरूमा तोडफोड, लुटपाट र आगजनी गरिएको थियो। शान्ति सुरक्षा अस्तव्यस्त भएको थयो। हाम्रो राष्ट्रिय सार्वभौमिकता र स्वभिमानमा आँच पुर्‍याउने खालका गतिविधिसमेत भएका थिए। देश एक हिसाखले राज्यविहिनताको अवस्थामा पुगेको थियो। त्यस खालको विषम परिस्थितिमा राष्ट्रपति महोदयको समन्वय र हाम्रो पार्टीका संयोजक तथा सहसंयोजक कमरेडहरूको सहजीकरणमा राष्ट्रिय स्वतन्त्रता र स्वभिमानको जगेर्ना तथा संविधान र लोकतन्त्रको रक्षा गर्ने उद्देश्यले अन्तरिम सरकारको गठन र प्रतिनिधि सभाको निर्वाचन गर्ने निश्चय गरिएको थियो। यसरी एक विषम परिस्थितिमा घोषणा गरिएको अहिलेको निर्वाचन असामान्य निर्वाचन थियो र परिणाम पनि असामान्य नै आएको छ।

## २. निर्वाचन घोषणापछिको अन्योल र विविध धारणा

निर्वाचनको घोषणापछि लामो समयसम्म अन्योलमय अवस्था सह्यो। एकातर्फ नेपाली कांग्रेस र एमालेले प्रतिनिधि सभा विघटनको विरोध गर्दै पुनःस्थापना हुनुपर्नेमा जोड दिदै सर्वोच्च अदालतमा रिट समेत दायर गरे भने अर्कोतर्फ कतिपयले वर्तमान संविधान खारेज गरी प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री हुने व्यवस्था गरेर मात्र निर्वाचन गर्नुपर्दछ भन्ने प्रचार गरे। पुराना पार्टीलाई चुनाव लड्न नै दिननहुने र पुराना नेताहरूलाई थुनामा राखेर मात्र चुनाव गर्नुपर्ने भन्ने प्रचार समेत गरियो। हाम्रो पार्टीले देशको राष्ट्रियता र लोकतन्त्रमाथि नै प्रहार भइरहेको वर्तमान अवस्थामा प्रतिनिधि सभाको पुनःस्थापनाले निकास नदिने र संविधान खारेज गर्नेतर्फ कुनै हालतमा जान नसकिने धारणा राख्यो र

अडान लिइरह्यो। राष्ट्रियता र लोकतन्त्रको रक्षाका निम्ति हाम्रो पार्टीले राखेको उक्त धारणा र अडान सही थियो। अन्ततः चुनावमा जान सबै सहमत भएका थिए। ताजा जनादेश लिन जाने कुरा सबैको साझ विन्दू बनेको थियो।

## ३. नेपाली कम्युनिष्ट पार्टी निर्माण र सन्देश सभा

निर्वाचन घोषणा भएको करिव एक महिना अन्योलकै अवस्था रह्यो। त्यसपछि क्रमशः राजनीतिक गतिविधि हुनथाले। तत्कालीन नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजावदा) ले आआफ्ना बैठक बसी सिद्धान्त र विचार मिल्ने पार्टीहरूसँग पार्टी एकता गर्ने निर्णय गरे। पार्टी एकताका निम्ति वार्ता सुरु गरियो र अन्य पार्टीहरूलाई समेत समावेश गर्दै करिव एक महिनाको छलफल, बहस र दस्तावेजको तयारीपश्चात् निर्वाचन आयोगमा दर्ता भएका छ दल र थप दुई पार्टी गरी आठ पार्टीको सहभागितामा २०८२ कात्तिक १९ गते आयोजना गरिएको एकता राष्ट्रिय सम्मेलनबाट नेपाली कम्युनिष्ट पार्टीको निर्माण गरियो। नेपाली कम्युनिष्ट पार्टीको निर्माणपश्चात् सबै प्रदेश र अधिकांस जिल्ला तथा पालिकाहरूमा एकता सन्देश सभाको आयोजना गरियो। पार्टीको चुनाव चिन्ह ताराको समेत प्रदर्शन गरिएको उक्त सन्देश सभाहरूमा उल्लेख्य जनसहभागिता थियो भने कार्यकर्तामा उत्साह पैदा भएको थियो। ती सन्देश सभाहरूमार्फत पार्टीको चुनाव प्रचार पनि भइरहेको छ भन्ने बुझ्न सकिन्थ्यो।

## ४. परिस्थिति विश्लेषण र परिणाम आँकलन

हामीले निर्वाचन घोषणा भएपछिको परिस्थितिको विश्लेषण गर्दै निर्धारित मितिमा निर्वाचन भएन भने स्थिति अझै खराव हुनसक्छ त्यसैले निर्धारित मितिमा निर्वाचन गराउन नै जोड गर्नुपर्छ, निर्वाचनको विकल्प छैन भन्ने निष्कर्ष निकालेका थियौं। र, निर्वाचन हुँदा चार पार्टीबिच प्रतिस्पर्धा हुनेछ, हामीले कम्तिमा पनि प्रत्यक्षमा तिसभन्दा बढि सिट र समानुपातिकतर्फ १७/१८ लाख मत प्राप्त गर्नेछौं, कांग्रेस, एमाले र रास्वपा प्रत्येकले ४०—५० सिट ल्याउलान भन्ने आँकलन गरेका थियौं। हाम्रो त्यो आँकलन कुनै सर्वेक्षण वा तथ्यगत रिपोर्टका आधारमा गरिएको थिएन। त्यो २०७९ को निर्वाचनमा विभिन्न दललाई प्राप्त भएको मतका आधारमा र हाम्रो हकमा एकतामा सामेल भएका पार्टीहरूको सङ्ख्या समेतको आधारमा गरिएको एक प्रकारले मनोगत आँकलन थियो। निर्वाचन प्रचार अभियानका दौरान निर्वाचन क्षेत्रहरूबाट आएका रिपोर्ट अनुसार हाम्रो पार्टीले ६० सिटसम्म जित्नसक्ने देखिएको थियो। परिणाम हाम्रो आँकलन अनुसार आउन सकेन। हामीले जितिन्छ भनेका कैयन क्षेत्रमा दोस्रो स्थान पनि प्राप्त गर्न सकिएन।

## ५. उम्मेदवार चयन र प्रचार अभियान

निर्वाचन आयोगले कार्यतालिका प्रकाशित गरेपछि उम्मेदवारको चयन र प्रचार अभियान सुरु गरियो। मातहतका कमिटी/समितिको समायोजन नभएकाले उम्मेदवार सिफारिस गर्ने काम संस्थागत रूपमा हुन सकेन। पूर्व इन्चार्ज र अध्यक्षहरूले आपसमा सरसल्लाह गरी सिफारिस गर्ने काम भयो। उम्मेदवारको टुङ्गो लगाउने कार्य पनि संस्थागत हुन सकेन। एकता राष्ट्रिय सम्मेलनबाट अधिकार प्रत्यायोजित भए बमोजिम संयोजक र सहसंयोजक कमरेडहरूले आवशयक परामर्श र सरसल्लाह गरी उम्मेदवारको टुङ्गो लगाउने काम गर्नुभयो। तथापि उम्मेदवारको विषयमा केही ठाउँमा मात्रै विवाद भयो। आम रुपमा सहज तरिकाले नै निर्वाचन अभियान सञ्चालन भयो।

निर्वाचन परिचालनको निम्ति केन्द्रमा संयोजक कमरेडकै संयोजकत्वमा केन्द्रीय निर्वाचन परिचालन समिति र त्यसको सचिवालय समेत गठन गरिएको थियो। निर्वाचन परिचालन समितिको सचिवालयबाट पार्टीको प्रतिबद्धता पत्र प्रकाशन गर्ने, अपिल प्रशारण गर्ने, समानुपातिकतर्फको नमुना मत पत्र छापी वितरण गर्ने, निर्वाचनको बेला गर्नुपर्ने काम सम्बन्धी विशेष निर्देशनहरू जारी गर्ने र भइरहेका कामको अनुगमन गर्नेलगायतका काम भएका थिए। प्रचार उपसमितिले केही डिजिटल प्रचार सामग्री उत्पादन गरी प्रशारण गरेको थियो। संयोजक कमरेडको नेतृत्वमा न्युनतम आर्थिक सहयोग सङ्कलन र वितरण गर्ने पहल भएको थियो।

हरेक निर्वाचन क्षेत्रमा क्षेत्रीय निर्वाचन परिचालन समिति बनाएर प्रचार अभियान सञ्चालन गरिएको थियो। क्षेत्रीय निर्वाचन परिचालन समितिहरूबाट नै प्रचारको लागि आर्थिक सहयोग जुटाउने, उम्मेदवारको प्रतिबद्धता पत्रलगायत विभिन्न प्रचार सामग्री उत्पादन गर्ने, कार्यकर्ता र स्वयंसेवक परिचालन गर्ने, मतदान तथा मतगणना प्रतिनिधि तय गर्नेलगायतका काम भएका थिए।

## ६. चुनाव एजेण्डा र व्यक्तित्वको छनोटमा भएन

अहिलेको चुनाव एजेण्डा र व्यक्तित्व छनोटमा हुँदै भएन। हामीले सुशासन र रोजगारी समाजवादको तयारी, राष्ट्रियता र लोकतन्त्रको रक्षा हाम्रो जिम्मेवारी भन्ने मूल नाराका साथ राष्ट्रिय स्वाभिमान र लोकतन्त्रको रक्षा गर्ने, वैदेशिक हस्तक्षेप तथा परनिर्भरताको अन्त्य गर्ने, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षा गर्ने, भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्ने तथा रोग, भोक, गरिबी, भूमिहिनता र असमानताको अन्त्य गर्दै समाजवादतर्फ अग्रसर हुने जस्ता प्रतिबद्धता जाहेर गरेका थियौं तर मतदाताले यी कुरामा ध्यानै दिएनन्। एकजना रानीतिक विश्लेशकले मतदान हुनुभन्दा केही दिन अगाडि नै "यो चुनावमा राजनीतिक एजेन्डाको प्रतिस्पर्धा हुनेछैन, हुनेछ त फगत भावनात्मक नारा, आवेग र उत्तेजना" भनेका थिए। त्यस्तै भयो । मतदाताले न एजेण्डा हेरे, न व्यक्ति हेरे, न त कामको मूल्याङ्कन नै गरे। उनीहरूले त डिजिटल माध्यमबाट आउने अल्गोरिदमिक सन्देश नै बढी हेरे र त्यसमै विश्वास गरेर मतदान गरे।

## ७. विभिन्नखाले सर्वेक्षण र विश्लेषण

निर्वाचन प्रचार अभियान चलिरहेकै अवस्थामा विभिन्न ढङ्गले मत सर्वेक्षण रिपोर्ट र अवस्था विश्लेषण गरिएका लेखहरू सार्वजनिक भइरहेका थिए। ती सर्वेक्षण रिपोर्ट र विश्लेषणात्मक लेखहरूले एकातर्फ पुराना दलहरूको अवस्था कमजोर छ भन्ने देखाइरहेका थिए भने अर्कोतर्फ यो निर्वाचनमा "सामाजिक सञ्जाल, एआइ निर्मित नक्कली सामग्री र भर्चुअल एसेटको प्रयोग गरेर मतदातालाई भ्रमित पार्ने खतरा बढेको छ, मतदाताहरूको मस्तिष्क ह्याकिङ हुँदैछ, मतदाताको मस्तिष्क ह्याक हुनबाट जोगाउन सकिएन भने भोलिको सत्ता जनताले होइन अदृष्य अल्गोरिदमले छान्ने निश्चित छ" र यो चुनाव "हाम्रो राजनीतिक इतिहामै सबैभन्दा अराजनीतिक चुनाव हुदैछ, जनताले दलका घोषणा पत्र पढेर मत हाल्नेवाला छैनन्" भनेर पनि भनिरहेका थिए। मौन अवधिमा हुने "डिजिटल ताण्डव" को बारेमा पनि बताएका थिए। हामीले त्यसरी आएका सर्वेक्षण रिपोर्ट र अवस्था विश्लेषणको यथार्थता अध्ययन गरी पार्टीको चुनावी रणनीति अध्यावधिक गर्न सकेनौं। हामीसँग त्यो काम गर्ने प्राविधिक जनशक्ति र स्रोत साधन पनि पर्याप्त मात्रामा उपब्ध भएन।

## ८. निर्वाचन प्रकृया र प्रचार शैली

अहिलेको निर्वाचन शान्तिपूर्ण वातावरणमा नै सम्पन्न भयो। आचार संहिता उलङ्घनका घटना भने धेरै भए। डिजिटल माध्यमबाट हुने, खासगरी ह्वाट्सएप, म्यासेन्जर, र भाइबर जस्ता इन्क्रिप्टेड प्लाटफर्महरूको माध्यमबाट गरिने आचार संहिता उलङ्घनलाई रोक्न सक्ने क्षामता त हाम्रो निर्वाचन आयेगसँग थिएन तर खुला रूपमा भएको आचार संहिता उलङ्घनलाई पनि उसले रोक्न सकेन ।

दलहरूको प्रचार शैलीका हिसावले हेर्दा पुराना दलहरूको प्रचार परम्परागत ढङ्गको नै भयो तर जसले चुनाव जित्यो उसको प्रचार डिजिटल हमलाको रूपमा भयो। एल्गोरिदमिक सन्देशद्वारा मतदाताको मस्तिष्कमा चलाइएको ताण्डव नृत्यलाई हामी पुराना दलहरूले गहिरोगरी बुझ्न सकेनौं, बुझे पनि काउण्टर गर्न सकेनौं। मतदाताको मस्तिष्कमा एलगोरिदमिक सन्देश हावी भयो। मतदाताको मस्तिष्क ह्याक हुनबाट जोगाउन सकिएन। यस पटक बुथ कब्जा होइन मतदाताको ब्रेन कब्जा भयो।

## ९. निर्वाचनको परिणाम र परिणाम विश्लेषण

यस निर्वाचनमा मुख्य चार राजनितक दलले प्रत्यक्ष र समानुपितकतर्फ निम्नानुसार मत र सिट प्राप्त गरेका छन् :

| क्रसं | पार्टीको नाम | प्रत्यक्षतर्फको मत | समानुपातिक मत | बढी वा घटी | प्र.सिट | स.पा.सिट | जम्मा सिट |
|---|---|---|---|---|---|---|---|
| १ | राष्ट्रिय स्वतन्त्र पार्टी | ४६५१३९३ | ५१८३४९३ | ५३२१००(बढी) | १२५ | ५७ | १८२ |
| २ | नेपाली काँग्रेस | १९९१९९३ | १७५९१७२ | २३२८२१(घटी) | १८ | २० | ३८ |
| ३ | नेकपा (एमाले) | १५७८४९१ | १४५५८८५ | १२२६०६(घटी) | ९ | १६ | २५ |
| ४ | नेपाली कम्युनिष्ट पार्टी | ९५५४१४ | ८११५७७ | १४३७३७(घटी) | ८ | ९ | १७ |

यो परिणाम सङ्गठनको राम्रो आधार नभएको पार्टीले कसरी विजय हासिल गर्यो भन्ने हिसावले मात्र होइन पहिलो पार्टी र दोस्रो पार्टीको सदस्य सङ्ख्याको अन्तर तथा विजयी र निकटतम प्रितस्पर्धीका बिचको मतान्तरको हिसावले समेत अस्वभाविक छ। प्रत्यक्ष र समानुपातिकतर्फ प्राप्त मतको अवस्था पनि पहिलेका चुनावको भन्दा फरक खालको छ। पहिलेका चुनावहरूमा प्रत्यक्षमाभन्दा समानुपातिकमा कम मत आउने गर्थ्यो। यस पटक पनि रास्वपाबाहेक अरु पार्टीको प्रत्यक्षमाभन्दा समानुपातिकमा कम मत आएको छ तर रास्वपाको भने प्रत्यक्षमाभन्दा समानुपातिकमा बढी मत आएको छ। यसबाट प्रत्यक्षमा अरु पार्टीलाई मत दिएका मतदाताले समेत समानुपातिकतर्फ रास्वपालाई मत दिएको स्पष्ट हुन्छ।

यस पटक विजयी र निकटतम प्रितस्पर्धीबिचको मतान्तर पहिलेका चुनावमा हुनेभन्दा फरक छ। त्यसमा पनि जहाँ रास्वपाले जितेको छ त्यहाँ मतान्तर धेरै छ भने अरु पार्टीले जितेका क्षेत्रमा मतान्तर सापेक्षिक रूपमा कम छ। हाम्रो पार्टीका उम्मेदवारले जितेका क्षेत्रमा पनि रोल्पा र पूर्वी रुकुममा बाहेक अन्यत्र मतान्तर कम नै छ। हाम्रो पार्टीका उम्मेदवारले सत्र निर्वाचन क्षेत्रमा दोस्रो स्थान प्राप्त गर्नु भएको छ तर जित्नेसँगको मतान्तर धेरै छ। पहिलेका निर्वाचनमा प्रमुख राजनीतक दलहरूले पाउने सिटमा घटबढ भए पनि उनीहरूको लोकप्रिय मतमा धेरै ठूलो घटबढ हुँदैनथ्यो। यस पटक कांग्रेस, एमाले, नेपाली कम्युनिष्ट सबैको लोकप्रिय मत करिव आधा जति नै घटको छ।

यस परिणामबाट देशको राजनीतिक शक्ति सन्तुलन बदलिएको छ। दक्षिणपन्थी लोकप्रियतावादी शक्ति अगाडि आएको छ भने विगतका ऐतिहासिक परिवर्तन गर्नमा र गणतान्त्रिक सविधानको निर्माणमा

नेतृत्वदायी भूमिका निर्वाह गरेका लोकतन्त्रवादी शक्ति पछाडि परेका छन्। यस्तो खालको परिणाम कसरी आयो ? यसको वस्तुनिष्ठ समीक्षा गरी वास्तविक कारणहरू पत्ता लगाउनु र शिक्षा लिएर अगाडि बढ्नु आवश्यक छ।

**१०. परिणामका कारण**

अहिलेको निर्वाचनमा नसोचिएको परिणाम आएको छ ।यस खालको परिणाम आउनुमा दुई प्रकारका कारण छन् : (१) आन्तरिक, (२) बाह्य।
आन्तरिक कारण निम्नानुसार छन् :

क. **क्रान्तिपछि आर्थिक सामजिक रूपान्तरण नहुनु :** आफ्नै मौलिक स्वरुपमा नेपाली जनवादी क्रान्ति सम्पन्न भएपश्चात्, खासगरी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान जारी भइसकेपछि समाजको आर्थिक-सामाजिक रूपान्तरण अभियान चलाउनु पर्थ्यो। चलाइएन। संविधान जारी भएपछि पहिलो पटक २०७४ मा भएको आम निर्वाचनमा जनताले कम्युनिष्टहरूलाई करिव दुईतिहाइ बहुमत दिएका थिए। त्यसबेला बनेको करिव दुइतिहाई बहुमतको सरकारले आर्थिक-सामाजिक-सांस्कृतिक रूपान्तरण अभियान सञ्चालन गर्नुपर्थ्यो, गरेन। त्यस सरकारले पार्टीको नीति र जन अपेक्षा अनुरूप काम नगरेको हुनाले पार्टीमा चर्को विवाद उत्पन्न भई पार्टी एकता नै भङ्ग भयो र सरकार पनि ढल्यो। त्यसैबेलादेखि कम्युनिष्टहरूप्रति जनताको विश्वास गुम्न थाल्यो।

केपि ओली नेतृत्वको सरकार ढलेपछि बनेका सरकारहरूले पनि आर्थिक–सामाजिक–सांस्कृतिक रूपान्तरण अभियान चलाएनन्। देशमा आएको राजनीतिक परिवर्तन अनुरूप आर्थिक–सामाजिक–सांस्कृतिक रूपान्तरण अभियान नचलाइएकाले अर्थिक उत्पादन र रोजगारी सिर्जना हुन सकेन। रोजगारीका निम्ति विदेश जाने क्रम बढ्दैगयो। शिक्षा र स्वास्थ्यको क्षेत्रमा राम्रो काम हुन सकेन। भ्रष्टाचार नियन्त्रण र सुशानको प्रत्याभूति दिन पनि सकिएन। यो सबले गर्दा जनतामा नकारात्मक धारणा विकसित हुँदैगयो। २०७९ को चुनावमा कसैको पनि बहुमत आएन। गठबन्धन सरकार बनाउने र ढाल्ने क्रम चलिरह्यो। त्यसलाई जनताले रुचाएनन्।

कमरेड प्रचण्ड नेतृत्वको सरकारले भ्रष्टाचार नियन्त्रण र सुशासनका केही काम अगाडि बढाएको थियो। तर संसदका दुई ठूला दल कांग्रेस र एमालेको गठबन्धन सरकार बनेपिछ्र त्यो रोकियो। कांग्रेस एमाले गठबन्धन सरकारले मिलेर बनाएको करिव दुईतिहाइको सरकारले पनि भ्रष्टाचार नियन्त्रण, सुशासन, सेवा प्रवाह र विकास निर्माणका काम केही पनि नगरेपछि जनता आजित भए। त्यसमाथि पुराना दलले केही गरेनन्, व्यवस्था बदलिए पनि अवस्था बदलिएन भन्ने प्रचारले आगोमा घ्यु थप्ने काम गऱ्यो। त्यसको परिणाम चुनावमा देखियो।

**ख. सङ्गठनात्मक समायोजन नहुनु :** निर्वाचन घोषाणा भइसकेपछि पार्टी एकता अभियान सुरु गरियो। केन्द्रमा धेरै समूह जुटियो तर केन्द्रभन्दा तल सङ्गठनात्मक समायोजन भएन। एकता सन्देश सभामार्फत एकताको सन्देश प्रवाह त गरियो तर सङ्गठनात्मक समायोजन गर्न भ्याइएन। त्यसले गर्दा पार्टी सङ्गठनमार्फत निर्वाचन परिचालन गर्ने काम हुन सकेन। आधारभूत तहमा सङ्गठन समायोजन नभएकाले कार्यकर्ताको व्यवस्थापन र परिचालन प्रभावकारी हुन सकेन। नेताहरू व्यक्तिगत रूपमा पिरचालित हुने स्थिति बन्यो। निर्वाचन परिचालन समिति बनाएर प्रचार अभियान सञ्चालन गरियो। निर्वाचनमा स्थानीय कार्यकर्ता परिचालन कमजोर भयो। कतिपय क्षेत्रमा स्थानीय

नेतृत्वबीचको आन्तरिक मतभेद, गुटगत गतिविधि र अनुशासनहिनताले पनि निर्वाचनमा असर गर्यो ।

ग. **विचारधारात्मक काम नहुनु :** लामो समयदेखि कम्युनिष्ट पार्टीहरूमा विचारधारात्मक काम हुन छाडेको छ। पार्टीको योजनामा अध्ययन, अनुसन्धान, छलफल, बहस, अन्तरक्रिया जस्ता कार्य भएको पाइदैन। स्वअध्ययन गर्ने चलन पनि हराएर गएको छ। पार्टी दस्तावेजहरूको समेत अध्ययन नगर्ने प्रवृतत्ति बढेर गएको छ। त्यसले गर्दा पार्टी पङ्तिको वैचारिक स्तर कम्जोर भएर गएको छ। पर्टीको पक्षामा पैरवि गर्ने क्षमता समेत कम्जोर भएको छ। पार्टी के हुने भन्ने होइन म के हुने भन्ने भावना प्रवल बन्दै गएको छ। यो अवस्थाको असर निर्वाचनमा पनि पर्नगयो ।

घ. **युवाहरू पार्टीमा आबद्ध नहुनु :** नवयुवाहरूलाई राजनीतिक रूपमा प्रशिक्षित गर्ने र पार्टीमा आबद्ध गराउने काम हुन सकेको छैन। नवयुवाहरू आधुनिक प्रविधि र आफ्नो समस्यासँग मात्रै परिचित छन्। उनीहरू धेरैलाई हाम्रो समाजको विकासक्रम, यसको इतिहास, आजको स्वतन्त्र वातावरण ल्याउनका निम्ति भएका वलीदानी सङ्घर्ष आदि केही पनि थाहा छैन। उनीहरूलाई यी सव कुरा बुझाउने काम नै भएन। उनीहरूलाई राजनीति बुझाउने, कम्युनिष्ट पार्टीको महत्व बुझाउने र पार्टीमा आबद्ध गर्ने काम भएन। हाम्रा युवा तथा विद्यार्थी सङ्गठनले युवाहरूको ठूलो पङ्तिलाई सङ्गठित गर्न सकेनन्। त्यसले गर्दा उनीहरू हामीबाट टाडा भए र निर्वाचनमा हाम्रा विरुद्ध प्रयोग भए।

ङ. **वाम शक्ति एकताबद्ध नहुनु :** वाम शक्ति एकताबद्ध नहुनु पनि कम्युनिष्ट पार्टीहरूले चुनाव हार्नुको एउटा कारण हो। अहिले पनि देशमा दशभन्दा बढी कम्युनिष्ट पार्टीहरू अस्तित्वमा छन्। एक्ला एक्लै चुनाव लडेका नौओटा कम्युनिष्ट पार्टीले प्राप्त गरेको समानुपातिक मत ४० लाखभन्दा बढी छ। बाम शक्ति एकताबद्ध भएको भए योभद्दा अझै बढी मत अकर्षित हुन सक्थ्यो। कम्युनिष्ट मत बाँडिदा २७ निर्वाचन क्षेत्रमा चुनाव हारिएको छ। एकताबद्ध भएको भए त त्यस्तो हुने थिएन। वाम शक्तिमाथि प्रहार भइरहेको छ तर पनि एकताबद्ध हुन सकिएको छैन। यसमा गम्भीर भएर अघि बढ्नु आवश्यक छ।

च. **परिवर्तनको महत्व बुझाउन नसक्नु :** अनेक प्रकारका शान्तिपूर्ण र सशस्त्र सङ्घर्षमार्फत सामन्ती राजतन्त्रात्मक शासन व्यवस्थाको अन्त्य गरी देशको सार्वभौमसत्ता नेपाली जनताको हातमा ल्याउनु, जननिर्वाचित संविधान सभाबाट देशको संविधान निर्माण गर्नु र समानुपातिक सहभागितामूलक संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्नु ज्यादै ठूलो महत्वका कार्य र ऐतिहासिक उपलब्धी थिए। यी उपलब्धी हासिल गर्नमा कम्युजिष्ट पार्टीहरूको नेतृत्वदायी भूमिका रहेको थियो। यी उपलब्धीको पैरवि गर्ने र पुराना दलहरूले गरेका योगदानको महत्वका बारेमा जनतालाई, खासगरी युवा पङ्तिलाई बुझाउने काम राम्ररी हुन सकेन। पुराना दलहरूप्रति आलोचना मात्रै भइरह्यो।

छ. **भएका कामको प्रचार नहुनु :** लोकतन्त्रको स्थापनापश्चात् काम नै नभएको होइन, भएको छ। पूर्वाधार निर्माणको क्षेत्रमा धेरै काम भएको छ। यातायातको क्षेत्रमा, विद्युतीकरणको क्षेत्रमा, खाने पानी वितरणको क्षेत्रमा, शहरी विकासको क्षेत्रमा, सञ्चारको क्षेत्रमा, शिक्षाको क्षेत्रमा, स्वास्थ्यको क्षेत्रमा, गरिवी न्युनिकरणको क्षेत्रमा धेरै काम भएका छन्। भएका कामको तथ्य तथ्याङ्कसहित

प्रचार गर्नु पर्दथ्यो तर गर्न सकिएन या गरिएन। हामीले चलाएका भ्रष्टाचार विरोधी कार्यको पनि जनतामा सकारात्मक प्रभाव पर्ने गरी प्रचार भएन।

ज. **सिद्धान्त र व्यवहारमा अन्तर हुनु :** हामीले जुन सिद्धान्त अँगालेका छौं, त्यस अनुसारको व्यवहार गर्न सकेनौं। समाजवादको नारा दियौं तर व्यवहारमा समाजवादतर्फ अग्रसर भएको अनुभूत हुने खालको काम गर्न सकेनौं। समाजवादी कार्यक्रम र कार्यदिशा दीर्घकालीन रणनितक विषय हुन् भनेर जनतालाई बुझाउन पनि सकिएन। सरकार सञ्चालन गर्दा जनताले अनुभूत गर्ने गरी सुशासन दिने र प्रतिपक्षामा हुँदा जन सरोकारका मुद्दामा जोडदार आवाज उठाउने कुरामा केहि न कहि कमी भयो। जनताले हामी सिद्धान्त छाडेर सत्ता केन्द्रित राजनीतिमा अलमलिएको देखे। त्यसले गर्दा जनतामा हामीप्रतिको विश्वास घट्दै गयो र जनतासँगको हाम्रो सम्बन्ध पातलिदै गयो। त्यसको परिणाम चुनावमा देखियो।

झ. **अवसरवादी प्रवृत्ति र व्यक्तिवादी कार्यशैली :** कम्युनिष्ट आन्दोलनभित्र दक्षिणपन्थी अवसरवादी प्रवृत्ति र व्यक्तिवादी कार्यशैलीले हावी हुँदै गयो। कम्युनिष्ट पार्टीहरू विधि पद्धतिमा संस्थागत ढङ्गले चल्न छाडे। त्यसले गर्दा जनतामा कम्युनिष्ट आन्दोलन र नेतृत्वप्रति नकारात्मक धारणाको विकास हुँदै गयो। २०७५सालमा गरिएको पार्टी एकता भङ्ग भएपछि निरन्तर कायम रहेको राजनीतिक अस्थिरताले गर्दा उक्त नकारात्मक धारणा थप विकसित भयो।

ञ. **प्राविधिक जनशक्ति र स्रोत साधनको कमी :** यस पटकको चुनावमा प्रभावकारी प्रचारको काम प्रविधिले गर्यो । हामी प्रविधिको प्रयोगमा पछि पर्यौं। प्रविधिको प्रयोगका निम्ति हामीसँग स्रोत पनि भएन, जनशक्ति पनि भएन। मानवीय विवेक र प्रविधि निर्मित भ्रामक सूचनाबिचको लडाईमा हामी पछि पर्यौं। हाम्रो डेटा-आधारित प्रचार रणनीति कमजोर भयो। मतदाताको मनोविज्ञान अनुसार सन्देश प्रवाह गर्न सकिएन। आधुनिक चुनावी प्रविधिसँग तालमेल मिलाउन सकिएन। प्रविधि प्रयोगको प्रतिस्पर्धामा हामी धेरै कम्जोर रह्यौं।

ट. **विकल्पको रूपमा प्रस्तुत हुन नसक्नु :** हामीले भदौ २३ का दमनकारी र २४ का ध्वंसकारी दुबै अतिवादी हुन्, हामी दुबै अतिवादका विरुद्धमा छौं त भन्यौ तर हामी नै विकल्प हौं भन्ने कुरा स्थापित गर्न सकेनौं। जेञ्जीका माग समर्थन गर्यौं तर जेञ्जी आन्दोलनका नाममा भदौ २४ गते भएको देशघाति विध्वंसको राम्ररी भण्डाफोर गर्न सकेनौं। हामीले हाम्रो समाजवदी एजेण्डालाई पनि सशक्त रूपमा प्रस्तुत गर्न सकेनौं। युवा पङ्तिलाई आकर्षित गर्न सकेनौं। गरेका कामलाई प्रभावकारी ढङ्गले प्रस्तुत गर्न पनि सकेनौं। आफ्ना विरुद्ध भइरहेको नकारात्मक प्रचारको सशक्त प्रतिवाद गर्न सकेनौं। आक्रामक ढङ्गले प्रस्तुत हुन नै सकेनौं। एमाले कांग्रेस जस्तै हामी पनि रक्षात्मक नै भयौं। पुराना सबै उस्तै हुन् भन्ने प्रचारलाई चिर्ने गरी हामीले आफुलाई एमाले र कांग्रेसभन्दा भिन्न देखाउन सकेनौं।

बाह्य कारण निम्नानुसार छन् :

क. **पुराना दल वरोधी अभियान :** बाह्य कारणमध्ये सबैभन्दा प्रमुख हो पुराना दल विरोधी अभियान। नेपालीहरूले आफ्नै पहलकदमीमा शान्ति प्रकृया टुङ्ग्याउने, संविधान निर्माण गर्ने र संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्नेजस्ता कार्य गरेको कतिपय देशी विदेशी शक्तिलाई मन परेको थिएन। त्यसैले सुरुदेखि नै संविधान र संघीय लोकतान्त्रिक गणतन्त्रको विरोध हुँदै आएको

थियो र परिवर्तनकारी शक्तिका विरुद्ध निरन्तर प्रहार हुँदै आएको थियो। कहिले 'नो नट अगेन' त कहिले 'इनफ इज इनफ', कहिले 'निपो बेबी', त कहिले 'निपो किड्स' आदि भनेर प्रहार केन्द्रित गरिएको थियो। अहिले आएर पुरानाले केही पनि गरेनन्, पुराना सबै खराव हुन्, यिनीहरू सबैलाई पाखा लगाउनु पर्छ भन्ने अभियान चलाइयो। यो अभियानमा प्रतिपक्षी राजनीतिक शक्तिहरू मात्र होइन सञ्चार जगत, बौद्धिक तप्का र बाह्य शक्तिसमेत सम्लग्न भए। मतदातामा त्यसको प्रभाव पर्यो।

ख. **वाम शक्तिमाथिको प्रहार :** पुराना राजनितिक शक्तिमध्ये पनि वाम शक्तिमाथि बढी प्रहार भयो। वामशक्तिले अँगालेको सामाजवादी कार्यक्रम र कार्यदिशामाथि ठूलो प्रहार गरियो। वाम शक्तिलाई "कुनै एक शक्ति केन्द्रतर्फ झुकेको" र नव उदारवादी बिचारको अबरोधक तत्वका रुपमा लिईयो। बाम शक्ति बलियो हुंदा बाह्य शक्तिको स्वार्थ पुरा हुन सक्तैन भन्ने ठानियो। वाम शक्तिका विरुद्ध राजनीतिक र आर्थिक रूपमा मात्रै होइन धार्मिक र सांस्कृतिक रूपमा पनि प्रहार गरियो। यसलाई बुझेर रणनिति तय गरी अघि बढ्न सकिएन ।

ग. **भूराजनीतिक तथा बाह्य शक्ति केन्द्रको चलखेल :** हाम्रो देशमा भूराजनीतिक तथा बाह्य शक्ति केन्द्रको चलखेल बढेर गयो। विभिन्न शक्ति केन्द्रहरू यहाँ आफ्नो अनुकुल सरकार बनाउन लागिपरे। त्यसका निम्ति बाह्य शक्ति र स्रोतबाट परिचालित सङ्घ संस्थाहरू परिचालित गरिए। तिनीहरूले यहाँका पुराना राजनीतिक दलहरू, त्यसमा पनि वामपन्थी राजनीतिक दलहरूमाथि प्रहार गर्ने र उनीहरूलाई बद्नाम गर्ने काम गरे। त्यस कार्यमा पश्चिमा मिडिया र डिजिटल प्लेटफर्महरू समेत सक्रिय रहे। तिनीहरूले निर्वाचनलाई प्रभावित गर्नेगरी मत सर्भेक्षण गर्ने र मतदातामा नकारात्मक प्रभाव पार्ने तथा पूर्वधारणा सुदृढ बनाउने काम गरे।

घ. **डिजिटल सुनामी :** अहिलेको चुनाव परिणामको एउटा प्रमुख कारण हो डिजिटल सुनामी। यस निर्वाचनमा मनवीय विवेकमाथि सूचना प्रबिधिद्वारा प्रहार गरियो। गलत सूचना प्रबाह गरेर मान्छेको दिमाग भुटियो। पुराना दल, त्यसमा पनि वामपन्थी दलहरूलाई "अस्थिरता ल्याउने", "विकास रोक्ने" आदि आरोप लगाएर बद्नाम गरियो। पुराना घटनाहरूलाई नयाँ सन्दर्भमा प्रस्तुत गरेर मतदातामा भ्रम सिर्जना गरी वाम शक्तिको विश्वास घटाउने काम गरियो। नेताहरूका भनाइ तोडमोड गरेर प्रस्तुत गर्ने प्रवृत्ति र भिडियो क्लिपहरू काटछाँट गरी गलत सन्देश दिने काम भयो। प्रतिस्पर्धी शक्तिहरूद्वारा फेक अकाउन्ट, ट्रोल समूहहरू प्रयोग गरी लक्षित दुष्प्रचार गरेर हाम्रा नेताहरूको बद्नाम गरियो। सामाजिक सञ्जालमा ट्रेन्ड हुने विषयहरू प्रायः पुराना दल खासगरी वामविरोधी बने। विवादास्पद सामग्री भाइरल हुँदा वाम शक्तिको छवि धुमिल बन्यो। डिजिटल स्पेसमा व्यक्तिवादी आरोप प्रत्यारोप हावी भयो। मुद्दा ओझेलमा परे। मतदाताहरू मुद्दाबाट होइन प्रविधिबाट प्रभावित भए। जहाँ डिजिटल प्रभाव बढी थियो, त्यहाँ हाम्रो शक्ति कमजोर देखियो। डिजिटल प्रचारको स्पष्ट नियमन भएन। आर्थिक र प्राविधिक रूपमा बलिया समूहहरूलाई फाइदा भयो हामी तुलनात्मक रूपमा पछि परियो।

ङ. **लोकप्रियतावादी शक्तिको प्रचार र प्रहार :** लोकप्रियतावादीहरूले व्यवस्था बदलिए पनि अवस्था बदलिएन, पुराना दलले केही गरेनन्. हामी गर्छौं भन्ने प्रचार गरे। उनीहरूले जटिल नीति होइन, जनतामा छिटो प्रभाव पार्ने खालका सरल र भावनात्मक सन्देश प्रवाह गरे। भ्रष्टाचारको अन्त्य, सुशासन, सेवा प्रवाहमा सुधार, रोजगारी सिर्जनाजस्ता जनताको दैनिक जीवनसँग जोडिएका मुद्दा

उठाए। तथ्यभन्दा पनि छिटो फैलिने र भाइरल हुने भावनात्मक सामग्री प्रस्तुत गरे। फेसबुक, टिकटक, युट्युबजस्ता सामाजिक सञ्जालको प्रभावकारी प्रयोग गरे। आक्रामक शैलीमा प्रस्तुत भए र मिडिया र चर्चाको केन्द्रमा रहन सफल भए। मतदाताको निराशा, आक्रोश, परिवर्तनको चाहना, छिटो समाधान खोज्ने मनोविज्ञान, पुराना दलहरूप्रतिको विकर्षण र नयाँलाई प्रयोग गरेर हेरौं भन्ने मानसिकताले लोकप्रियतावादलाई अनुकूलता प्रदान गर्यो। समाजमा लोकप्रियतावादको प्रभाव विस्तार भइरहेको छ भन्ने सङ्केत २०७९ को निर्वाचनमै देखापरिसकेको थियो तर त्यसमा राम्ररी ध्यान दिएर अगाडि बढ्न सकिएन ।

**च. विदेशमा बस्ने नेपालीहरूको भूमिका :** पुराना पार्टी र नेताहरूका विरुद्ध सबैभन्दा बडी प्रहार विदेशमा बस्ने नेपालीहरूबाट भयो। उनीहरूले सामाजिक सञ्जालको प्रयोग गरेर पुराना पार्टी र नेताहररूलाई गाली गर्ने र अफवाह फैलाउने काम गरे । घर घरमा फोन गरेर नयाँलाई मत दिनुपर्छ भन्ने अभियान चलाए। नक्कली भिडियोहरू बनाएर प्रसारण गरी अफवाह फैलाउने काम बढि उनीहरूले नै गरे। हाम्रा प्रबासी सङ्गठनहरूको भूमिका प्रभावकारी देखिएन।

## १२. निष्कर्ष र शिक्षा

असामान्य अवस्थामा भएको निर्वाचनको परिणाम पनि असामान्य नै आएको छ। यसले लोकप्रियतावादी शक्तिलाई सत्तासिन बनाएको छ भने पुराना ठूला दलहरूलाई मात्र होइन राजावादी र पहिचानवादी शक्तिहरूलाई समेत कम्जोर बनाएको छ। यस परिणामले अहिलेको निर्वाचन प्रणालीबाट एउटा पार्टीले बहुमत ल्याउन सक्तैन भन्ने धारणालाई खण्डित गरेको छ। यस परिणामले अब चुनाव विचार र मुद्दामा होइन प्रविधिको प्रतिस्पर्धामा हुन्छ भन्ने मान्यता स्थापित गरेको छ। अब परम्परागत सङ्गठन र प्रचार शैलीले चुनाव जित्न सकिदैन भन्ने पनि स्थापित गरेको छ। राजनीतिमा प्रविधिको प्रभाव बढ्दै जाने देखाएको छ। यसले दिएका यी शिक्षालाई आत्मसात् गरी अघि बढ्नु जरुरी छ ।

## १३. आगामी कार्ययोजना

अब पार्टीले तत्कालै साङ्गठनिक, वैचारिक, आर्थिक र प्राविधिक कामको ठोस कार्ययोजना बनाएर अगाडि बढ्नु पर्ने भएको छ। पार्टीको पुनर्गठन र रूपान्तरण अभियान व्यापक रूपमा सञ्चालन गर्नुपर्ने भएको छ । तसर्थ निम्नानुसारको तात्कालिक कार्ययोजना तय गरी अगाडि बढौं :

क**. सङ्गठन समायोजन र निर्माण** : पार्टी सङ्गठन र पार्टीसम्बद्ध जनवर्गीय सङ्गठनहरूलाई नयाँ ढङ्गले पुनर्गठन र रूपान्तरण गर्न जरुरी छ। त्यसका लागि एक महिनाभित्र पालिका तहसम्का भएका सबै सङ्गठन समायोजन गर्ने र नभएका स्थानमा नयाँ सङ्गठन निर्माण गर्ने। तीन महिनाभित्र सबै वडामा सङ्गठन निर्माण गरिसक्ने।

ख**. पार्टी सदस्यता नविकरण र अधिवेशन** :अवको तीन महिनाभित्र पार्टी सदस्यता नविकरणा गरिसक्ने र पाँचमहिनाभित्र वडा, पालिका, जिल्ला र प्रदेश अधिवेशन गर्ने।

ग**. एकता महाधिवेशन**को **आयोजन** : अबको छ महिनाभित्र पार्टीको एकता राष्ट्रिय महाधिवेशन सम्पन्न गर्ने।

घ**. नेतृत्वको पुनर्गठन र रूपान्तरण :** पार्टी सङ्गठनको मात्र होइन नेतृत्वको पनि पुनर्गठन र रूपान्तरण गर्न जरुरी छ। त्यसका निम्ति पनि ठोस कार्ययोजना बनाएर अगाडि बढ्नु पर्दछ।

ङ. **प्रशिक्षण अभियान :** सङ्गठन समायोजन र पुनर्गठनसँगै सघन रूपमा सैद्धान्तिक/वैचिरक प्रशिक्षाण अभियान सञ्चालन गर्नु अवश्यक छ।व्यवस्थित पाठ्क्रम बनाएर सघन प्रशिक्षण अभियान सञ्चालन गर्ने।

च. **आर्थिक कोश निर्माण अभियान** : पार्टीलाई सङ्गठन र विचारको साथै आर्थिक रूपले पनि सवल बनाउनु आवश्यक छ।त्यसका लागि आर्थिक कोश निर्माण अभियान सञ्चालन गर्ने।

छ. **प्रभावकारी रचनात्मक प्रतिपक्ष :** संसदमा प्रभावकारी रचनात्मक प्रतिपक्षको भूमिका निर्वाह गर्ने।राष्ट्र र जनसरोकारका विषयमा प्रभावकारी ढङ्गले प्रस्तुत हुने।

ज. **प्रदेश र स्थानीय तह परिचालन :** प्रदेश र स्थानीय तहमा रहेका हाम्रो पार्टी सङ्गबद्ध जन प्रतिनिधिहरूलाई अझ बढी जनपक्षीय काम गर्ने गरी परिचालन गर्ने।

झ. **प्राविधिक क्षामता विकास** : प्राविधिक ज्ञानविनाको पार्टीले अब काम गर्न सक्दैन भन्ने प्रषट भएको छ।त्यसैले पार्टीका नेता र कार्यकर्ताको प्राविधिक क्षामता विकासका निम्त अभियान चलाउनु पर्दछ।

ञ. **कार्यशैली र आचरण सुधार** : पार्टीका नेता तथा कार्यकर्ताको कार्यशैली, जीवाशैली र आचरण सुधार गर्नु आवश्यक छ।यसको पनि ठोस कार्ययोजना बनाउनु पर्दछ।

अन्त्यमा, उपर्युक्त नयाँ कार्ययोजना अँगाली नयाँ प्रतिबद्धताका साथ अघिबढौं ।धन्यवाद।